आ.व. २०७५/०७६ को सातौं बैठक

आज मिति **२०७५ साल कार्त्तिक ११ गते आईतवार** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री जगतप्रसाद भुसाल, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री गिरीधारी प्रसाद पन्त, ना.सु.

## प्रस्तावहरु :

१. विद्युत पोल खरिदको भुक्तानी सम्वन्धमा ।

२. प्लान नेपाललाई गाउँपालिका भित्र कार्यक्रम सञ्चालन अनुमति दिने सम्वन्धमा ।

३. नदीजन्य पदार्थको उत्खननको लागि टेन्डर आह्वान सम्वन्धमा ।

४. दिपावलीमा खेलीने देउसी भैलो सम्वन्धमा ।

५. दिपावलीमा गरिने आतसवाजी सम्वन्धमा ।

६. गाउँपालिका विरुद्ध उच्च अदालत तुलसीपुरमा परेको रिटको लिखित जवाफ पेश गर्ने लगायतको लागि अख्तियारी दिने सम्वन्धमा ।

७. आयोजना व्यवस्थापनको रकम विनियोजन सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथी छलफल गर्दा आ.व.०७४/०७५ मा विद्युत पोल खरिद गर्न बोलपत्र आह्वान गरिएकोमा ८ मिटर र ९ मिटर का कंक्रीट पोलहरु तथा ९, १० र ११ मिटरका स्टील पोलहरु प्राप्त भई सकेको छ । ११ मिटरका कंक्रीट पोलहरु ४६ गोटा सप्लाई गर्नुपर्नेमा १२ गोटा प्राप्त भई सकेको र हाल ११ मिटरको कंक्रीट पोलहरुको माग पनि नभएकोले सप्लाई गर्न आवश्य नदेखिएको हुँदा सो कार्यको सम्झौता वमोजिम रु २९,५५,६९५।८० (अक्षेरुपी उन्नतीस लाख पच्पन्न हजार छ सय पन्चानब्बे रुपैयाँ पैसा असी) भ्याट समेत को पोल सप्लाई गर्नुपर्नेमा हाल रु २३,७३,१५८।२० (अक्षेरुपी तेईस लाख त्रिहत्तर हजार एक सय अन्ठाउन्न रुपैयाँ पैसा बिस) भ्याट समेतको पोल प्राप्त भएकोले सोही वमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण व्यवसायीलाई भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथी छलफल गर्दा प्लान नेपालद्वारा गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरीने कार्यक्रमहरु यस गाउँपालिकालाई पूर्व जानकारी गराई सम्वन्धित वडाको प्रत्यक्ष रेखदेख, नियमन तथा सुपरीवेक्षणमा प्लान नेपाललाई कार्यक्रम सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका क्षेत्रभित्र पर्ने राप्ती नदीको चैते दोभान, बगासोती दोभान, भानुवाङ बगर,तीन सीमान बगर, रनसिङ दोभान र खुरखुरीया बगर, मझेरीया ईन्टेक नजिकको बगर, भानपुर बगर, बगरापुर बगर यती स्थानहरुको ढुंगा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदि विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) को लागि मिति २०७५/०७/१२ मा शिलबन्दी बोलपत्र आह्वान सम्वन्धी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा आउदै गरेको चाड दिपावलीमा देउसी भैलोमा ध्वनी प्रदुषण हुनेगरी साउण्ड सिस्टम प्रयोग गर्न नपाईने । विहान ६:०० बजे भन्दा पहिले र बेलुका ८:०० बजे भन्दा पछाडी देउसी भैलो खेल्न, होहल्ला गर्न र मादक पदार्थ सेवन गरी हिडडुल गर्न नपाई गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा आउदै गरेको चाड दिपावलीमा आतसबाजी पटाका जस्ता बिष्फोटक पदार्थहरु प्रयोग गर्न नपाईने विषयलाई सम्पूर्ण वडाहरुमा प्रचार प्रसार गरी प्रचलित कानूनको कार्यान्वयन गर्ने गराउने गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा यस राप्ती गाउँपालिका विरुद्ध उच्च अदालत तुलसीपुरमा परेको रिट नं. 075-WO-0012 को रिट निवेदनमा यस कार्यालयको तर्फबाट गुज्रेको म्याद थामी थमाई लिखित जवाफ पेश गरी मुद्दाको पुर्पक्ष गर्नको लागि यस कार्यालयका पशु सेवा प्राविधिक श्री शेर बहादुर हमाल रिजाललाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस राप्ती गाउँपालिकाका वडाहरुमा घर नक्सा अभिलेखिकरण लगाएतका कार्यमा खटाईएका प्राविधिक कर्मचारीहरुलाई अटो क्याड सफ्टवेर (AutoCad Software) सञ्चालनका लागि ल्यापटप ( Laptop) खरिद गर्न अति आवश्य भएकाले आयोजना व्यवस्थापनबाट खर्च गर्ने गरी रु. ५ लाख रकम ल्यापटप खरिदको लागि विनियोजन गर्ने निर्णय गरियो ।